अनुसूची-१६

(दफा ३३ को उपदफा (२) सँग सम्बन्धित)

अध्यक्ष

# श्री वीरेन्द्र सामुदायिक वन उपभोक्ता समूह

तुलसीपुर उपमहानगरपालिका वडा नं. ४ खाद्रे, दाङ

## गोलिया काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

दोस्रो पटक सूचना प्रकाशन मितिः २०८३।०५।०२

श्री वीरेन्द्र सामुदायिक वन उपभोक्ता समूह तुलसीपुर उपमहानगरपालिका वडा नं. ४ खाद्रे, दाङको आ.व. २०८२/८३ मा स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार उत्पादित वन पैदावार तुलसीपुर उपमहानगरपालिका वडा नं. ४ खाद्रे, दाङमा घाटगद्दी गरी राखिएको निम्न लटको तपसिलमा उल्लेखित परिमाणको वन पैदावार जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक वन पैदावारमा आबद्ध संघ/संस्था, फर्म वा कम्पनीले यो सूचना नयाँ युगबोध राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक प्रकाशित भएको मितिले २१ (एक्काईसौं) दिनभित्र खरिद गरी २२ (बाईसौं) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

**तपसिल**

| वन पैदांवारको विवरण | | | | | | | न्यूनतम | | काठ, दाउरा संकलन खर्च |
|---|---|---|---|---|---|---|---|---|---|
| लट नं. | पाईल नं. | जात | किसिम | ग्रेड | थान | परिमाण (क्यू.फि./चट्टा) | दररेट | मूल्य रु. | |
| १ | १ र १० | साल | गोलिया | A | १४ | २१३.५० | १२५० | २६६८७५ | २४०५९२ |
| | | | | B | ४७ | ४११.४९ | ९०० | ३७०३४१ | |
| | | | | C | १२७ | ४०१.७३ | ६०० | २४१०३८ | |
| | | | | D | १३ | १६.५५ | ३०० | ४९६५ | |
| | | लट नं. १ को जम्मा | | | २०१ | १०४३.२७ | | ८८३२१९ | |
| २ | ३ र ९ | साल | गोलिया | A | १५ | २५२.७५ | १२५० | ३१५९३८ | |
| | | | | B | ३९ | ३५०.७४ | ९०० | ३१५६६६ | |
| | | | | C | ६० | २००.८७ | ६०० | १२०५२२ | |
| | | | | D | ३ | ३.०८ | ३०० | ९२४ | |
| | | लट नं. २ को जम्मा | | | ११७ | ८०७.४४ | | ७५३०५० | |
| | | साल | दाउरा | | | १७.०० | १२००० | २०४००० | १८७००० |
| | | जम्मा दाउरा | | | | १७.०० | | २०४००० | |
| लट नं. १ र २ को जम्मा | | | | | ३१८ | १८५०.७१ | | १६३६२६९ | |
| नोटः संकलन खर्च गोलिया काठको प्रति क्यू.फि. रु.१३०।-, दाउराको प्रति चट्टा ११०००।- | | | | | | | | | |

१. बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मितिः २०८३।०५।२२ गते ।

२. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

(क) अन्तिम मितिः २०८३।०५।२३ (ख) समय १२:०० बजे सम्म ।

अनुसूची-१६

(दफा ३३ को उपदफा (२) सँग सम्बन्धित)

# श्री वीरेन्द्र सामुदायिक वन उपभोक्ता समूह

तुलसीपुर उपमहानगरपालिका वडा नं. ४ खाद्रे, दाङ

अध्यक्ष

३. बोलपत्र साथ कबोल गरेको रकम को १०% ले हुन आउने रकम बोलपत्र खरिद गरेको यस सामुदायिक वन उपभोक्ता समूहको राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, तुलसीपुर शाखा, दाङमा रहेको खाता नं. ४१६०१००२००१५५००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा ६ महिना अवधि रहेको बैंक ग्यारेण्टी समावेश हुनुपर्नेछ ।

४. बोलपत्र फारम न्यूनतम मूल्य १० (दश) लाखभन्दा कम भएको खण्डमा प्रति लटको रु. १,०००।- र बढी भएको खण्डमा प्रति लटको रु. २,०००।- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय र डिभिजन वन कार्यालय दाङ (दाङ), घोराहीबाट खरिद गरी यस वन उपभोक्ता समूहको कार्यालयमा दाखिला गर्न सकिनेछ ।

५. लिलाम बढाबढ हुने वनपैदावार कार्यालय खुलेको समय भित्र यस वीरेन्द्र सामुदायिक वन उपभोक्ता समूहको तुलसीपुर उपमहानगरपालिका वडा नं. ४ खाद्रे, दाङमा रहेको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

६. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोप्राइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिबृद्दी कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि, डिभिजन वन कार्यालयमा फर्म सूचीकृत भएको प्रमाणपत्रको प्रतिलिपि लगाएका आवश्यक कागजातहरु बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

७. निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३।०५।२३ गते यस समूहको कार्यालयमा दिनको २:०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ ।

८. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, अग्रिम आयकर, सङ्कलन खर्च लगायतका सम्पूर्ण रकम छुट्टै बुझाइ लिलाममा चढाएको वनपैदावार तोकिएको अवधिभित्र उठाइ लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुबैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

१०. बोलपत्र फाराममा सामुदायिक वन उपभोक्ता समूहको प्रष्ट छाप लागेको र समूहको अध्यक्षको दस्तखत भएको हुनु पर्नेछ । प्रतिलिपि, समूहको छाप नलागेको र समूहको दस्तखत नभएको मान्य हुने छैन ।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१२. अन्य विस्तृत कुरा बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।



**जलमग्न प्रतिष्ठान** : सोमबार दिउँसो भएको वर्षाका कारण जलमग्न बनेको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान परिसर । ढलको उचित व्यवस्थापन नहुँदा वर्षा हुनेबित्तिकै परिसरमा पानी जम्ने गरेको छ । पानी जम्दा बिरामी, स्वास्थ्यकर्मी तथा चिकित्सकले सास्ती खेप्दै आएका छन् ।

*तस्बिर : कुलदीप न्यौपाने*

# विमानस्थलबाट निगमका दुई कर्मचारी पक्राउ

**युगबोध समाचारदाता**

काठमाडौं, १ भदौ । नेपाल प्रहरीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट विदेशी मुद्रासहित नेपाल वायुसेवा निगमका दुई कर्मचारीलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा काठमाडौं महानगरपालिका-२६, गोंगबु बस्ने ५४ वर्षीया जननी बज्राचार्य र गोरखा नगरपालिका-३ बस्ने ३५ वर्षीया ममता पाण्डे रहेको विमानस्थल सुरक्षा कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक राजकुमार सिलवालले जानकारी दिनुभयो । प्रहरीका अनुसार बज्राचार्यको साथबाट अमेरिकी डलर चार हजार ३ सय तथा पाण्डेको साथबाट पनि सोही बराबरको डलर बरामद भएको छ । नेपाल वायुसेवा निगमको उडान नम्बर आरए १५ बाट काठमाडौंबाट क्वालालम्पुर जान लागेका उनीलाई विमानस्थलको अन्तर्राष्ट्रिय उडानतर्फको प्रस्थान ह्यान्ड ब्यागेज चेकिङ क्षेत्रमा शरीर खानतलासी गर्ने क्रममा विदेशी मुद्रा फेला परेको प्रहरीले जनाएको छ ।

पक्राउ परेका दुबै जनालाई आवश्यक अनुसन्धान तथा कानुनी कारवाहीका लागि बरामद मुद्रासहित सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, पुल्चोक पठाइएको प्रवक्ता सिलवालले बताउनुभयो ।

# राप्ती साहित्य परिषद् पुरस्कृत

**युगबोध समाचारदाता**

काठमाडौं, १ भदौ । नेपाली शिक्षा परिषद् काठमाडौंले राप्ती साहित्य परिषद्लाई गोपाल पाँडे असीम पुरस्कारद्वारा सम्मान गरेको छ ।

नेपाली शिक्षा परिषद्को ७६ औं वार्षिकोत्सवको अवसरमा आइतबार काठमाडौंमा आयोजना गरिएको संस्थापक भाषासेवी स्वर्गीय गोपाल पाँडे असीमको ११४ औं जयन्तीको अवसरमा राप्ती साहित्य परिषद्लाई यस वर्षको गोपाल पाँडे असीम पुरस्कार प्रदान गरेको हो । नेपाली शिक्षा परिषद्का अध्यक्ष रमा शर्माको अध्यक्षता तथा लोकसेवा आयोगका पूर्वअध्यक्ष उमेशप्रसाद मैनालीको प्रमुख आतिथ्यता एवं पूर्व पर्यटनमन्त्री, वागमती प्रदेशका सांसद दीपेन्द्र श्रेष्ठको विशिष्ट आतिथ्यतामा राप्ती साहित्य परिषद्लाई मोफसलमा विभिन्न रचनात्मक क्रियाकलापद्वारा आधा शताब्दीदेखि नेपाली भाषाको श्रीबृद्धिमा उल्लेखनीय योगदान पुऱ्याएको भन्दै ५० हजार राशीसहित सम्मानपत्र राप्ती साहित्य परिषद्का अध्यक्ष कमलमणि देवकोटालाई प्रदान गरिएको हो ।

पुरस्कार वितरण समारोहमा राप्ती साहित्य परिषद्का पूर्वअध्यक्ष एवं वर्तमान सल्लाहकार डा. अमर गिरी, परिषद्मा अक्षयकोष संस्थापक चन्द्रकला शाह र चन्द्रप्रकाश देवकोटा तथा विभिन्न स्रष्टाहरूको उपस्थिति थियो । सो समारोहका प्रमुख अतिथि उमेशप्रसाद मैनाली, विशिष्ट अतिथि दीपेन्द्र श्रेष्ठ, पुरस्कृतहरू राप्ती साहित्य परिषद्का अध्यक्ष कमलमणि देवकोटा, डा.जगदीशचन्द्र रेग्मी लगायतले शुभकामना व्यक्त गर्नुभएको थियो ।

## उद्योगबाट....

मंगलबारदेखि उपभोक्तालाई लाइनमा ग्याँस वितरण नगर्न भनेको छ । नेपाल आयल निगमले पनि विज्ञप्ति नै जारी गरी नजिकको सम्बन्धित ग्याँसको डिलरबाट वितरणको व्यवस्था गर्ने भनेको छ भने स्थानीय प्रशासनले अब सम्बन्धित ग्याँस डिलरले नै उपभोक्ताको घरमै ग्याँस सिलिण्डर पुऱ्याइदिन व्यवसायीहरुलाई निर्देशन दिएको छ । दाङका प्रमुख जिल्ला अधिकारी निश्चलराज पाण्डेले सोमबार जिल्ला प्रशासन कार्यालयमा सरोकारवालाहरुको बैठक राखेर बजारमा लाइन ज्यादा देखिएको र सुरक्षाको दृष्टिले जोखिम बढेको भन्दै ग्याँस बिक्रेताहरुलाई नै ग्याँस वितरणको जिम्मेवारी दिइएको बताउनुभयो । अशक्त, विद्यार्थीहरुलाई राज्यले दिएको सुविधा दिने तर त्यसको अभिलेख पारदर्शी बनाएर ग्याँसको वितरणलाई सहज बनाउन व्यवसायीहरुलाई आग्रह गरिएको छ ।

## भत्कियो....

'नयाँ भवन निर्माणका लागि सम्बन्धित निकायले आवश्यक पहल गरी बजेट विनियोजन गर्नुपर्छ ।' सानो संख्यामा विद्यार्थी भए पनि विद्यालय स्थानीय बालबालिकाको शिक्षाको आधारका रूपमा रहेको छ । तर जीर्ण भवन, न्यून विद्यार्थी संख्या र पर्याप्त भौतिक संरचनाको अभावले विद्यालयको भविष्यसमेत चुनौतीमा परेको छ । स्थानीय अभिभावक र विद्यालय प्रशासनले तत्कालका लागि मर्मतसम्भार तथा सुरक्षित पठनपाठनको व्यवस्था र दीर्घकालीनरूपमा नयाँ भवन निर्माणका लागि बजेटको माग गरेका छन् ।

# जाजरकोटका पहिरो प्रभावितको तथ्याङ्क संकलन गरिने

**युगबोध समाचारदाता**

कर्णाली, १ भदौ । कर्णाली प्रदेश सरकारले जाजरकोटको भेरी नगरपालिका-२ रिसाङमा पहिरोबाट प्रभावित परिवारको तथ्याङ्क संकलन गर्ने भएको छ ।

प्रदेश सरकारले पहिरोबाट भएको जनधनको क्षतिको यथार्थ विवरण संकलन गरी त्यसैका आधारमा राहत, पुनःस्थापना तथा पुनर्निर्माणका योजना र कार्यक्रम अघि बढाउने निर्णय गरेको प्रदेश सरकारका सचिव लक्ष्मीकुमार विकले जानकारी दिनुभयो । उहाँका अनुसार पहिरोमा परी मृत्यु भएका परिवारलाई दुर्घटना बिमामार्फत राहत उपलब्ध गराउने, क्षतिग्रस्त घर तथा विद्यालयको पुनर्निर्माण र मर्मत गर्ने तथा घाइतेको उपचारका लागि आवश्यक प्रबन्ध मिलाइनेछ ।

पहिरोबाट पशुपंक्षी तथा कृषि बालीमा भएको क्षतिको विवरण संकलन गरी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमार्फत आवश्यक सहयोग उपलब्ध गराउने निर्णयसमेत भएको उहाँले बताउनुभयो । जाजरकोटलगायत प्रदेशका सबै जिल्लामा पहिरोका कारण अवरुद्ध राजमार्ग तथा अन्य सडक खुलाउन भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालयले आवश्यक समन्वय गर्ने निर्णय भएको छ । पूर्णरूपमा क्षति भएका घर पुनर्निर्माणका लागि उपलब्ध गराइने अस्थायी आवास अनुदान यथाशीघ्र उपलब्ध गराउन पहल गर्ने निर्णयसमेत भएको सचिव विकले जानकारी दिनुभयो ।

विपत् प्रतिकार्यका लागि सम्बन्धित क्लस्टरको बैठक सम्बन्धित मन्त्रालयले आयोजना गर्ने तथा राहत सामग्री वितरण गर्दा जिल्ला प्रशासन कार्यालय जाजरकोटसँग समन्वय गर्ने जिम्मेवारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले लिने निर्णय भएको उहाँले बताउनुभयो ।


## सुरक्षा पशुपन्क्षी प्रबर्द्धन सहकारी संस्था लि.

घोराही-१४, दाङ

### रकम बुझाउन आउनेबारे सूचना !

यस सुरक्षा पशुपन्क्षी प्रवर्द्धन सहकारी संस्था घोराही-१४ मा रहेको सहकारी संस्थासँग कारोवार गरेका शेयर सदस्य लगायत अन्य सम्पूर्ण सदस्यहरुले यस संस्थालाई भुक्तानी गर्नुपर्ने रकम लामो समयदेखि बाँकी रहेको हुँदा उक्त रकम यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले २१ दिनभित्र बुझाउनुहुन अनुरोध गरिन्छ । यदि उक्त म्यादभित्र बाँकी बक्यौता नबुझाएमा ऋणी सदस्यको तीन पुस्ते विवरण ठेगानासहित राष्ट्रिय पत्रिकामा प्रकाशित गरी कानुनी कारवाहीमा जान संस्था बाध्य हुनेछ ।

**लिलाधर स्वर्णकार** (अध्यक्ष)
मो.नं. ९७४८७२४०९७

## हरियाली बचत तथा ऋण सहकारी संस्था लि.

राप्ती गा.पा.-५ सिसहनियाँ, दाङ

### १९ औं वार्षिक साधारणसभामा उपस्थित हुने सम्बन्धमा !

यस संस्थाको सञ्चालक समितिको मिति २०८३/०४/१५ गते बसेको बैठकको निर्णयानुसार संस्थाको १९ औं वार्षिक साधारणसभा देहाय बमोजिमको इकाई, मिति, समय र स्थानमा प्रतिनिधिमूलकरुपमा गरिने भएकोले यहाँहरुको गरिमामय उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

**साधारणसभा हुने इकाई, मिति, समय र स्थान :**

| इकाई | मिति | समय | स्थान | लक्षित क्षेत्र |
|---|---|---|---|---|
| दियो सेवा केन्द्र | २०८३/०६/०३ | बिहान ११:०० बजे | गोरक्ष मन्दिर प्रांगण, लमही | लमही न.पा.-१ देखि ६ वडाका सदस्यहरु |
| वाघनाथ संकलन केन्द्र | २०८३/०६/०७ | बिहान ११:०० बजे | गढवा गा.पा.-१, जेठानगाउँ स्थित रहेको स्केट हल | गढवा गा.पा.-१ देखि ३ वडाका सदस्यहरु |
| मुख्य कार्यालय | २०८३/०६/१० | बिहान ११:०० बजे | मुख्य कार्यालयको प्रांगण, सिसहनियाँ | राप्ती गा.पा.-१ देखि ८ वडाका सदस्यहरु |

**एकाई प्रतिनिधिहरूको निर्णय प्रमाणित सभा** : (सबै इकाईबाट छनौट भएका प्रतिनिधिहरु मात्र)
**मिति** : २०८३/०६/१४ गते, बुधबार **समय** : बिहान ११:०० बजे
**स्थान** : मुख्य कार्यालय, सिसहनियाँ

सञ्चालक समितिको आज्ञाले
**राधा पाण्डे** (सचिव)

## श्री वीरेन्द्र सामुदायिक वन उपभोक्ता समूह

तुलसीपुर उपमहानगरपालिका वडा नं. ४ खाद्रे, दाङ

### गोलिया काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना !

दोस्रो पटक प्रकाशन मिति : २०८३।०५।०२ गते

श्री वीरेन्द्र सामुदायिक वन उपभोक्ता समूह, तुलसीपुर उपमहानगरपालिका वडा नं. ४ खाद्रे, दाङको वनबाट उत्पादन भई तुलसीपुर उपमहानगरपालिका वडा नं. ४ खाद्रे, दाङको घाटगद्दीमा लट बनाई राखिएको साल प्रजातिको गोलिया काठ थान ३१८ को १८५०.७१ क्यु.फि., साल दाउरा १७.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानुन बमोजिम दर्ता तथा नवीकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत उद्योगले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले २१ औं दिनभित्र खरिद गरी २२ औं दिनभित्र र सो दिन सार्वजनिक विदा परेमा सो को लगत्तै भोलिपल्ट प्रत्येक लटको छुट्टाछुट्टै शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचनापाटीमा टाँस गरिएको छ ।

**अध्यक्ष**

## राजविद्या पाठशाला

घोराही-१८ नवलपुर, दाङ

### आवश्यकता

यस राजविद्या पाठशाला घोराही-१८ नवलपुरलाई विभिन्न विषयगत शिक्षक तथा कर्मचारीको आवश्यकता परेकोले योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिन्छ ।

| पद | विषय | संख्या | योग्यता, तह |
|---|---|---|---|
| शिक्षक | विज्ञान | १ | स्नातक वा सो सरह (नि.मा.वि.) |
| शिक्षक | कम्प्युटर | १ | स्नातक वा सो सरह (मा.वि.) |
| शिक्षक | गणित | १/१ | स्नातक वा सो सरह (मा.वि./नि.मा.वि.) |
| अफिस असिस्टेन्ट | व्यवस्थापन | १ | BBA (महिला) |

**उमेर** : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
**आवश्यक कागजातहरु** : शैक्षिक योग्यताका प्रमाणपत्र, अध्यापन अनुमतिपत्र र नागरिकता प्रमाणपत्रको प्रतिलिपि २/२ प्रति र हस्तलिखित निवेदन
**आवेदन शुल्क** : रु. ५,००।- (रु. पाँच सय रुपैयाँ) मात्र
**परीक्षाको किसिम** : लिखित, मौखिक र आवश्यकता अनुसार प्रयोगात्मक
**आवेदन मिति** : २०८३।०५।०१ देखि २०८३।०५।०७ गते विद्यालय समयभित्र
**सम्पर्कको लागि** : ०८२-५९०४०३, ९८६६७३५९९५

**प्रधानाध्यापक**

## नेसनल बाथरोग सेन्टर

(प्रधान कार्यालय काठमाडौंको व्यवस्थापनमा सञ्चालित)

### कान्तिपुर आर्थ्राइटिस एण्ड रुमाटिजम प्रा.लि.

तुलसीपुर-५, 'क' लाईन वि.पि. चोक, दाङ
फोन नं.: ०८२-५२०१०३, ९८५७८८०१०३

**हाम्रा सेवाहरू:**



- नशा तथा बाथरोग सम्बन्धी विशेषज्ञ सेवा ।
- स्त्री तथा प्रसुती रोग सम्बन्धी जाँच तथा उपचार सेवा ।
- प्रेसर, सुगर, थाईराइड, छातीरोग, मुटुरोग, मृगौला, कलेजो, निमोनिया, टाईफाईड एवं पाचन प्रणाली सम्बन्धी विशेषज्ञ सेवा ।
- बिहान ७ बजेदेखि बेलुकी ७ बजेसम्म दैनिक ओ.पी.डि. सेवा ।
- नाक, कान तथा घाटी रोग सम्बन्धी विशेषज्ञ सेवा ।
- नबजात शिशु तथा बालरोग विशेषज्ञ सेवा ।
- शरीरमा हुने विभिन्न नसा तथा बाथरोगहरु अत्याधुनिक मेसिनद्वारा परीक्षण गरिने ।
- अल्ट्रासाउण्ड (2D, 3D, 4D) रंगीन भिडियो एक्स-रे र सादा X-RAY सेवा । ल्याव: रगत, दिसा, पिसाब, (Culture): अटो एनालाइजर मेसिनद्वारा बायो केमिकल टेष्ट ADA, HbA1c PT/INR, THYROID FUNCTION TEST: कुल्टर काउण्ट ।
- मेशिनद्वारा हेमाटोलोजी टेष्ट ।
- **फार्मेसी**: स्वदेशी तथा विदेशी औषधि बिक्री वितरण गर्ने ।
- परिवार नियोजन सम्बन्धी सेवा तथा सल्लाह ।
- Whole body चेकअपको लागि विशेष छुटको व्यवस्था ।

तुलसीपुर उपमहानगरपालिका र CTEVT को साझेदारीमा सञ्चालित

## तुलसीपुर बहुप्राविधिक शिक्षालय

तुलसीपुर-१२ हरिपौरी, दाङ

### चमेना गृह (क्यान्टिन) सञ्चालन सम्बन्धी शिलबन्दी प्रस्ताव आह्वानको सूचना !

सूचना प्रकाशन मिति : २०८३।०५।०२ गते

यस तुलसीपुर बहुप्राविधिक शिक्षालय/तुलसीपुर मेट्रो कलेज तुलसीपुर-१२, हरिपौरीको कम्पाउण्डभित्र चमेना गृह (क्यान्टिन) सञ्चालन गर्न इच्छुक नेपाली नागरिक, संघ, संस्था, फर्म तथा व्यवसायीहरुका लागि सूचना प्रकाशित मितिले ७ दिनभित्र शिलबन्दी दरभाउ पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरू:**

१. दरभाउ पेश गर्दा २०८३/०८४ को नवीकरण गरिएको फर्म दर्ता प्रमाणपत्र, २०८२/०८३ करचुक्ता प्रमाणपत्र, प्यान दर्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र अनिवार्य संलग्न गर्नुपर्नेछ ।
२. दरभाउपत्र नियमानुसार सूचना प्रकाशित भएको मितिले ७ औं दिन दिउँसो १ बजे यस कार्यालय समयभित्र दाखिला गरी सक्नुपर्नेछ । यसरी दाखिला हुन आएका दरभाउपत्रहरु दिउँसो २ बजे दरभाउपत्र पेशकर्ता र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । दरभाउपत्र पेशकर्ता उपस्थित नभए पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
३. दरभाउपत्र शिलबन्दी खाम बाहिर दरभाउ पेशकर्ताको नाम, ठेगाना र सम्पर्क नम्बर स्पष्टसँग उल्लेख गर्नुपर्नेछ ।
४. चमेना गृह (क्यान्टिन) सञ्चालन वापत मासिक न्यूनतम रु ८,००० (आठ हजार मात्र) घर भाडा कायम गरिएको छ । कबोल गर्दा आफूले तिर्ने न्यूनतम ८,००० (आठ हजार मात्र) मा नघटाई मासिक भाडा खुलाउनुपर्नेछ ।
५. दरभाउ पेशकर्ता आफूले कबुल गरेको घरभाडाको वार्षिकरुपमा हुन आउने रकमको ५ प्रतिशत जमानत रकम तुलसीपुर बहुप्राविधिक शिक्षालयको राष्ट्रिय वाणिज्य बैक तुलसीपुर शाखामा रहेको खाता नम्बर ४१६०१००२००१३३००१ मा जम्मा गरेको भौचर शिलबन्दी खामभित्र राखेको हुनुपर्नेछ ।
६. चमेना गृहभित्र धुम्रपान तथा मदिराजन्य वस्तुहरुको बिक्री वितरण गर्न पाइने छैन साथै बिक्री वितरण गरिने परिकारको दररेट शिक्षालयले तय गर्नेछ ।
७. चमेना गृह सञ्चालन गरे वापतको विद्युत महशुल तथा खानेपानी महशुल चमेना गृह सञ्चालनकर्ताले बुझाउनुपर्नेछ ।
८. चमेना गृह सञ्चालनका लागि शिक्षालयले कोठा मात्रै उपलब्ध गराउने छ अन्य व्यवस्था चमेना गृह सञ्चालक आफैले गनुपर्नेछ । हाल अस्थायी अवस्थामा संरचना भएका कारणले गर्दा यो ठेक्का अवधि ४ वर्षका लागि हुनेछ ।
९. चमेना गृहबाट उपलब्ध गराइने खाद्य परिकारको परिणाम, गुणस्तर एवं चमेनागृह र वरपरको सरसफाई स्थितिका बारेमा निरन्तर अनुगमन हुने तथा सम्झौताका पूर्वनिर्धारित स्तरको सेवा प्रवाह सन्तोषजनक भएको नपाइएमा जुनसुकै बखत कलेजले सम्झौताका शर्त मुताविक आवश्यक कारबाही गर्न सक्नेछ ।
१०. अन्य जानकारीका लागि कलेजको सम्पर्क न. ०८२-४२२०५५ मा सम्पर्क गर्नुहोला ।

**शिक्षालय प्रमुख**

## शिव जन क्याम्पस

शीतलपाटी, सन्यान

### सूची दर्ता सम्बन्धी सूचना !

(प्रकाशित मिति : २०८३ भाद्र ०१ गते)

यस शिव जन क्याम्पसका लागि आ.व. २०८३/०८४ मा तपसिल बमोजिमका सामान तथा सेवा खरिद गर्नका लागि सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद निमावली २०६४ को नियम १८ अनुसार नियम ७२ र ८५ को सेवाको प्रयोजनको लागि मालसमानहरु आपूर्ति, निर्माण, मर्मत गर्न सक्ने सामानको विवरणसहित फर्मको नाम, ठेगाना र सम्पर्क नम्बर उल्लेख गरी मिति २०८३/०५/१५ गतेभित्र शिव जन क्याम्पसमा सूची दर्ता गराउन हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीका लागि क्याम्पसको इमेल shivajancampus2064@gmail.com/वेवसाइट www.shivajancampus.edu.np/०८८-४००११४ मा सम्पर्क गर्न सकिने छ ।

**आपूर्ति गर्नुपर्ने मालसामान तथा सेवाहरू**

**क) खरिद तथा आपूर्तितर्फ**
- ✓ पुस्तक तथा सन्दर्भ पुस्तकहरु
- ✓ स्टेशनरी तथा मसलन्दका सामानहरु
- ✓ कम्प्युटर नेटवर्किङ, कम्प्युटर सफ्टवेयर तथा कम्प्युटर र फोटोकपी र पार्टसहरु
- ✓ विद्युतीय सामग्रीहरु ✓ छपाई सम्बन्धी कार्यहरु
- ✓ फर्निचर तथा फर्निसिङ सम्बन्धी सामानहरु
- ✓ खेलकुद सामग्री
- ✓ निर्माण तथा रङरोगन सम्बन्धी ✓ पत्रपत्रिका

**ख) परामर्श सेवातर्फ**
- ✓ निर्माण सम्बन्धी ✓ इन्जिनियरिङ
- ✓ विभिन्न सफ्टवेयर निर्माण तथा परिमार्जन
- ✓ विविध होटल, रेष्टुरेन्ट, आवास सम्बन्धी

**ग) मर्मत सेवातर्फ**
- ✓ कम्प्युटर, इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक र इन्टरनेट
- ✓ फर्निचर तथा फर्निसिङ सम्बन्धी सामानहरु मर्मत
- ✓ निर्माण, पुनः निर्माण तथा मर्मत सम्भार, मेसिनरी औजार

**घ) सूचना प्रकाशन तथा प्रसारण सम्बन्धी सेवा**

**दरखास्तसँग पेश गर्नुपर्ने आवश्यक कागजातहरू**
- फर्म तथा कम्पनी प्रमाणित प्रमाणपत्रको प्रतिलिपि
- स्थायी लेखा नम्बर, मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि
- नगरपालिकाभित्र रहेका व्यवसायीहरुको हकमा व्यवसायिक प्रमाणपत्रको प्रतिलिपि
- आ.व. २०८१/०८२ को सबै सम्बन्धित करचुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि

**अन्य जानकारी**
- आवश्यक प्रमाणपत्रको प्रतिलिपिसम्म नभएको वा रीत नपुगेको निवेदन उपर कुनै कारवाही गरिने छैन ।
- सूचीकृत भएका विक्रेता, फर्म, संस्था वा कम्पनीहरुबाट कार्यालयको आवश्यकता अनुसार सामान तथा सेवा खरिद गर्न सकिनेछ ।
- सूचीकृत भएका विक्रेता, फर्म, संस्था वा कम्पनीहरुले सन्तोषजनक सेवा का सामान सप्लाइ नगरेको खण्डमा सूचीबाट हटाइनेछ ।
- फर्म, संस्था वा कम्पनी सूचीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत हुनेछ ।
- यस सूचना अनुसार दर्ता भएका सूची आ.व. २०८३/०८४ का लागि मात्र मान्य हुनेछ ।

**क्याम्पस प्रमुख**


नयाँ युगबोध प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, संस्थापक एवं सल्लाहकार : नारायणप्रसाद शर्मा, अध्यक्ष तथा प्रबन्ध निर्देशक : प्रताप रेग्मी, सम्पादक : लक्ष्मी आचार्य, समाचार सम्पादक : जे.एन. सागर व्यवस्थापक : ऋषिराज पोखेल
मुद्रक : प्रतिभा अफसेट प्रेस, कार्यालयः घोराही दाङ, लुम्बिनी प्रदेश, नेपाल फोन : ०८२-५६००८४, ५६१३०३, ०८२-५६०९४८, शाखा कार्यालयहरुः राप्ती उपत्यका (देउखुरी)- ०८२-५९०४८५, तुलसीपुर- ५२०९४८, लमही- ९८५७८४०२४१, E-mail : yougbodh@gmail.com